## अफ्रिकन स्वाइन फिभर सङ्क्रमणबाट बङ्गुर मरे

**तनहुँ समाचारदाता**
*तनहुँ, माघ ६ गते*

अफ्रिकन स्वाइन फिभर सङ्क्रमण फैलिएर तनहुँमा बङ्गुर मर्न थालेका छन्। यस रोगबाट तीन बङ्गुरपालक कृषकका २२ वटा बङ्गुर मरिसकेका छन् भने फैलने क्रम जारी छ।

भिमाद नगरपालिका–६ मा आठ र म्याग्दे गाउँपालिका–५ मा १४ वटा बङ्गुर मरेको भेटेरिनरी तथा पशु विज्ञ केन्द्रका प्रमुख डा. बालकुमार श्रेष्ठले जानकारी दिनुभयो। व्यावसायिक रूपमै पालिएका बङ्गुर मर्न थालेपछि अनुगमन तथा केही फार्मबाट लिइएको नमुनामा अफ्रिकन स्वाइन फिभर पुष्टि भएको डा. श्रेष्ठले बताउनुभयो।

म्याग्देका जगत थापाको ११, सोही वडाका कृषक गोरे कुमालको तीन र भिमाद नगरपालिका–६ का सुरवीर थापाको आठवटा बङ्गुर मरेको उहाँले जानकारी दिनुभयो। फार्ममा रहेका २२ वटामध्ये ११ वटा मरेको कृषक थापाले बताउनुभयो। जिल्लामा पहिलो पटक भिमाद नगरपालिकामा दुई साताअघि देखिएको यो रोग हाल म्याग्दे गाउँपालिकामा फैलिएको केन्द्रले जनाएको छ।

कृषकले बिहान चारवटा मरेको र केही बङ्गुर बिरामी भएको जानकारी पाएपछि डा. श्रेष्ठसहितको प्राविधिक टोली कृषकको फार्मतर्फ पुग्नुभएको थियो। उक्त रोगविरुद्ध खोप हालसम्म नबनेकाले धेरै नोक्सान बेहोर्नु परेको केन्द्रले जनाएको छ। यसको सङ्क्रमण हुँदा बङ्गुरमा उच्च ज्वरो आउने, खान मन नगर्ने, फोक्राउने, पेट र कानमा रगतका धब्बा देखा पर्ने, मृत्युदर शतप्रतिशत हुनेलगायतका लक्षण देखा पर्ने डा. श्रेष्ठ बताउनुहुन्छ।

कृषक थापाको फार्ममा रहेका आठवटै बङ्गुर अचानक मरेपछि पोखरास्थित प्रयोगशालामा परीक्षण गर्दा अफ्रिकन स्वाइन फिभर देखिएकोले जिल्लाका कृषकलाई उच्च सतर्कता अपनाउन सुझाव दिइएको केन्द्रका प्रमुख डा. श्रेष्ठले जानकारी दिनुभयो।

## स्वयंसेविकालाई साइकल

**नवलपरासी समाचारदाता**
*कावासोती, माघ ६ गते*

पूर्वी नवलपरासीको कावासोती नगरपालिकाका स्वास्थ्य स्वयंसेविकालाई स्वास्थ्यसम्बन्धी जानकारी दिन र सेवा गर्न सजिलोका लागि साइकल वितरण गरिएको छ। कावासोती नगरपालिका ८ र ९ द्वारा महिला स्वयंसेविकालाई साइकल वितरण गरिएको हो। विभिन्न स्वास्थ्यसम्बन्धी कार्य गर्दा सूचना र सेवाको सजिलोका लागि प्रत्येक महिला स्वयंसेविकालाई एक–एक थान साइकल उपलब्ध गराइएको कावासोती–८ का वडाध्यक्ष भीमबहादुर रिमालले बताउनुभयो।

महिला स्वास्थ्य स्वयंसेविकाले स्वास्थ्य क्षेत्रमा अहोरात्र योगदान पुऱ्याउँदै आएको र अझ थप स्वास्थ्य क्षेत्रमा सेवा गर्न सहज होस् भन्ने उद्देश्यले वडा कार्यालयका तर्फबाट साइकल वितरण गरिएको वडाध्यक्ष रिमालले जानकारी दिनुभयो।

## प्रेस युनियनमा निर्विरोध

**घोराही समाचारदाता**
*घोराही, माघ ६ गते*

नेपाल प्रेस युनियन लुम्बिनी प्रदेशको अध्यक्षमा सुदीप गौतम निर्विरोध निर्वाचित हुनुभएको छ। दाङको घोराहीमा भएको प्रथम अधिवेशनले विगत तीन दशकदेखि पत्रकारितामा सक्रिय गौतमको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको हो।

प्रेस युनियनको प्रदेश खुला उपाध्यक्षमा जयसिंह केसी, महिला उपाध्यक्षमा शारदा मल्ल, समावेशी उपाध्यक्षमा पहलमान घर्ती, महासचिवमा नवीन गिरी, खुला सचिवमा सूर्य भुसाल, महिला सचिवमा कल्पना डुम्रे, समावेशी सचिवमा शमशेरविक्रम जीसी, कोषाध्यक्षमा सीपी खनाल निर्वाचित हुनुभएको छ।

**वर्गीकृत डिस्प्ले**

**राहदानी हरायो**

मितिः २०७९।९।२५ मा बसुन्धारादेखि चक्रपथसम्म जाँदा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं. ९८०८५०९०४०मा खबर गरिदिनुहोला।

**राहदानी नं.** :- १२५७९२९१
**नाम थर** :- अजय तामाङ
**ठेगाना**:- नुवाकोट

## सबै वडामा आफ्नै भवनबाट सेवा

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, माघ ६ गते*

आँधीखोला गाउँपालिकाले सबै वडा र पालिकामा आफ्नै भवनबाट सेवा दिन थालेका छन्। छवटा वडा रहेको पालिकामा वडा नं. २, चिन्नेबासमा नयाँ भवन बनेसँगै सबै वडा र पालिकाले आफ्नै भवनबाट सेवा दिन थालेको गाउँपालिका अध्यक्ष विश्वनाथ पौडेलले बताउनुभयो। वडा कार्यालय भवन एक करोड ३९ लाख १२ हजार १३१ रुपियाँमा विवेक एन्ड कुबेर/विद्यामोहन जेभी स्याङ्जाले निर्माण गरेको हो। २०७८ साल साउन ४ गते सम्झौता गरी निर्धारित १५ महिनामा निर्माण कम्पनीले काम गरेको हो। एक रोपनी क्षेत्रफलमा रहेको वडा कार्यालय भवन पाँच कोठा, एउटा हल र शौचालय रहेको पालिकाले जनाएको छ। वडा कार्यालयको पूर्वपालिका अध्यक्ष तथा गण्डकी प्रदेश सभा सदस्य सुधीरकुमार पौडेलले उद्घाटन गर्नुभएको हो।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय, खोटाङ**

# जग्गा प्राप्ति गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/१०/०७ गते**

अरुण–३ जलविद्युत आयोजनाको निर्माणाधिन दिदिंन–ढल्केवर–बथनाहा ४०० के.भी. प्रशारण लाईनको खोटाङ जिल्लाको दिप्रुङ चुइचुम्मा गाँउपालिका भित्र टावरहरुको निर्माण गर्न तपशिलमा उल्लेखित कित्ता नं.का जग्गाहरु पूरा वा आंशिकरुपमा तथा जग्गामा रहेका घर, गोठ, टहरा लगायतका भौतिक संरचनाका साथै रुख विरुवा समेत स्थायीरुपमा प्राप्ति गर्ने गरी जग्गा प्राप्ती ऐन, २०३४ को दफा ९ को उपदफा १ को प्रयोजन र जग्गाको स्वामित्वमा फरक पर्न गएको भएमा सो समेतका दाबीका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक १५(पन्ध्र) दिन भित्र आफ्नो जग्गा प्राप्त नगर्नु पर्ने कुनै कारण भए त्यसको कारण खोली सोही ऐनको दफा ११ बमोजिम यस कार्यालय मार्फत गृह मन्त्रालयमा उजुरी गर्न सकिनेछ । यो सूचना प्रकाशित भएको मिति देखि नै प्राप्ति गरिने जग्गाहरु रोक्का रहने हुंदा उक्त क्षेत्रमा कुनै पनि संरचना बनाउने वा थप्ने कार्य नगर्नु नगराउनु हुनका साथै उल्लेखित कित्ता नं.का जग्गाहरु कित्ताकाट भएको वा जग्गाधनीको विवरण फरक पर्न गएमा आफुसंग भएको जग्गाको प्रमाण पेश गरेको खण्डमा सोही बमोजिम एकिन हुनेछ । तोकिएको म्याद भित्र निवेदन नदिई म्याद गुजारेको खण्डमा कानून बमोजिम हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

| क्र.स. | स्टेशन नं. | ज.ध.नाम,थर | वाबु/पति | बाजे/ससुरा | गा.वि.स. | वडा नं. | कि.नं. | ग्रेड नं. | जम्मा क्षेत्रफल रोपनी–आना–पैसा–दाम | अधिग्रहण रोपनी–आना–पैसा–दाम | किसिम | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | AP 155/0 | मन कुमारी सर्की | अवे | हनाते | टेम्मा | ६ | ९१७ | 1651465 | 4-10-1-0 | 0-1-2-3 | पा.चा. | |
| २ | AP 155/0 | देवान राई | नरधन | जाचमान | टेम्मा | ६ | ४२५ | 1651465 | 2-2-3-1 | 0-4-2-2 | पा.चा. | |
| ३ | AP 155/0 | नरधन राई | जाचमान | भुवान सीं | टेम्मा | ६ | ९१८ | 1651465 | 1-15-3-0 | 0-0-2-3 | पा.चा. | श्रे.का. नभएको |
| ४ | AP 155/0 | ललिता राई | शब्द वहादुर | गजुरमान | टेम्मा | ६ | ९१९ | 1651465 | 2-4-0-1 | 0-13-2-0 | पा.चा. | |
| ५ | AP 155/0 | अन्जाना राई समेत | ३ जना | संगोली | टेम्मा | ६ | ४२६ | 1651465 | 0-10-1-0 | 0-6-2-1 | पा.चा. | श्रे.का. नभएको |
| ६ | AP 156/0 | असनध्वज राई | दान वहादुर | ज्ञानदल | टेम्मा | ६ | १४२ | 1651505 | 10-10-1-1 | 0-11-1-2 | खे.चा. | श्रे.का. नभएको |
| ७ | AP 156/0 | मित्रजंग राई समेत | ३ जनामा | संगोली | टेम्मा | ६ | १४५ | 1651505 | 8-1-0-2 | 0-4-2-3 | खे.चा. | श्रे.का. नभएको |
| ८ | AP 156/0 | पदम वहादुर राई | वजीरमान | धर्मलाल | टेम्मा | ६ | १४३ | 1651505 | 3-1-2-3 | 0-2-0-2 | पा.चा. | |
| ९ | AP 156/0 | सरस्वती राई | डीकवहादुर | पंच विर | टेम्मा | ६ | १४४ | 1651505 | 1-5-1-2 | 0-6-2-3 | खे.सी. | |
| १० | AP157/0 | रमेश कुमार सार्की | पदम वहादुर | जित वहादुर | टेम्मा | ६ | ३५१ | 1651505 | 3-4-2-3 | 0-2-3-2 | पा.दो. | |
| ११ | AP157/0 | मेनुका देवी राई | निर वहादुर | असन ध्वज | टेम्मा | ६ | ३४७ | 1651505 | 6-1-0-1 | 0-7-3-1 | पा.दो. | |
| १२ | AP157/0 | रमेश कुमार सार्की | पदम वहादुर | जित वहादुर | टेम्मा | ६ | ३५२ | 1651505 | 1-4-1-3 | 0-3-0-3 | खे.दो. | |
| १३ | AP157/0 | स्वरस्वती राई | डीकवहादुर | पन्चविर | टेम्मा | ६ | ३५० | 1651505 | 4-8-0-0 | 0-6-1-3 | खो.दो | |
| १४ | AP 158/0 | मिठाकुमारी खत्री | नरबहादुर | कुबिरमान | टेम्मा | ६ | २०९ | 1651505 | 11-3-0-0 | 0-13-0-3 | पा.सी. | |
| १५ | AP 158/0 | नरबहादुर खत्री | कविरमान | वलवहादुर | टेम्मा | ६ | २०४ | 1651505 | 9-2-3-0 | 0-0-0-3 | पा.सी. | |
| १६ | AP 158/0 | तेज वहादुर खत्री | नर वहादुर | कुविरमान | टेम्मा | ६ | २०६ | 1651505 | 5-13-2-3 | 0-5-1-3 | पा.सी. | |
| १७ | AP158/0 | एक वहादुर सार्की | आइते | राहवीर | टेम्मा | ६ | २०८ | 1651505 | 9-14-1-2 | 0-1-3-1 | पा.चा. | श्रे.का. नभएको |
| १८ | AP 158/0 | एक वहादुर सार्की | आइते | राहवीर | टेम्मा | ६ | २०७ | 1651505 | 0-6-1-1 | 0-0-2-2- | पा.सी. | श्रे.का. नभएको |
| १९ | AP159/0 | भद्र कुमारी घिमिरे | गोविनद प्रसाद | त्रिभुनाथ | टेम्मा | ५ | १११६ | 1561505 | 4-9-1-2 | 0-10-3-2 | पा.सी. | श्रे.का. नभएको |
| २० | AP159/0 | झम कुमारी कार्की खत्री | तेज वहादुर | नर वहादुर | टेम्मा | ५ | १११७ | 1651505 | 6-1-1-2 | 0-14-3-3 | पा.सी. | श्रे.का. नभएको |
| २१ | AP 160/0 | दुर्गा प्रसाद घिमिरे | गोविनद | त्रिभुनाथ | टेम्मा | ५ | ७९३ | 1651504 | 1-4-0-0 | 0-0-1-2 | खे.सी. | |
| २२ | AP 160/0 | दुर्गा प्रसाद घिमिरे | गोविनद | त्रिभुनाथ | टेम्मा | ५ | ७८८ | 1651504 | 3-0-1-3 | 1-0-0-2 | खे.सी. | श्रे.का. नभएको |
| २३ | AP 160/0 | शान्ती कुमारी राई | श्याम वहादुर | वालजीत | टेम्मा | ५ | ७८६ | 1651504 | 3-2-0-3 | 0-9-3-2 | खे.सी | |
| २४ | AP 161/0 | कुमारी खत्री | नइन्द्र | लाल वाददुर | याम्खा | ९ | १५२ | 1651504 | 7-2-2-0 | 1-5-0-3 | खे.सी. | |
| २५ | AP161/0 | धन प्रसाद राई | जोग वहादुर | जय कुलमान | याम्खा | ९ | १५० | 1651504 | 5-4-1-1 | 0-0-0-1 | खे.सी | |
| २६ | AP 162/0 | नन्द वहादुर रोका | टेक वहादुर | तिल वहादुर | याम्खा | ४ | ३७ | 1651544 | 3-6-2-2 | 0-0-2-2 | खे.दो. | |
| २७ | AP 162/0 | लिला रोका | खड्ग वहादुर | टेक वहादुर | याम्खा | ४ | ३६ | 1651544 | 4-6-2-2 | 1-12-2-0 | खे.दो. | |
| २८ | AP163/0 | हिराशोभा राई | नारन वहादुर् | मानदत्त | याम्खा | ४ | ६७० | 1651543 | 3-6-3-0 | 0-12-0-0 | खे.सी | |
| २९ | AP163/0 | जगत वहादुर राई | वृद्धिमान | झविमान | याम्खा | ४ | ६७१ | 1651443 | 3-12-1-2 | 0-12-3-2 | खे.सी. | |
| ३० | AP163A/0 | राम वहादुर मगर | दान वहादुर | दान वहादुर | याम्खा | ३ | २९६ | 1651543 | 7-7-2-3 | 0-2-0-3 | खे.सी. | श्रे.का. नभएको |
| ३१ | AP163A/0 | दान वहादुर मगर | नर वहादुर | विर वहादुर | याम्खा | ३ | २९५ | 1651543 | 7-3-1-3 | 1-4-0-3 | खे.सी. | श्रे.का. नभएको |
| ३२ | AP164/0 | प्रेम वहादुर विष्ट | विर्ख वहादुर | भर्त सीं | याम्खा | ३ | २७९ | 1651546 | 28-6-3-0 | 1-1-1-0 | पा.सी. | श्रे.का. नभएको |
| ३३ | AP 165/0 | जगत वहादुर विष्ट | संगोली | | याम्खा | २ | १५३ | 1651543 | 5-10-3-2 | 0-7-3-1 | पा.चा. | श्रे.का. नभएको |
| ३४ | AP165/0 | जगत वहादुर विष्ट | संगोली | संगोली | याम्खा | २ | १५४ | 1651543 | 5-0-3-1 | 0-2-2-1 | पा.चा. | श्रे.का. नभएको |
| ३५ | AP 165/0 | प्रेम वहादुर विष्ट | विर्ख वहादुर | भर्त सीं | याम्खा | २ | १५२ | 1651543 | 10-5-3-0 | 0-11-2-3 | पा.चा. | श्रे.का. नभएको |
| ३६ | AP 166/0 | भगवती देवी विष्ट | नर वहादुर | सम्सेर वहादुर | याम्खा | २ | २७६ | 1651583 | 13-9-0-1 | 0-1-1-2 | पा.सी. | |
| ३७ | AP 166/0 | मिना भुजेल | अर्जुन भुजेल | गुमान सीं | याम्खा | २ | २४ | 1651583 | 5-2-2-3 | 0-1-0-3 | पा.चा. | |
| ३८ | AP 167/0 | शिव कुमार वस्नेत | वम वहादुर | रण वहादुर | याम्खा | २ | ११ | 1651583 | 5-9-2-2 | 1-7-0-3 | पा.चा. | |
| ३९ | AP 168/0 | गणेश कुमार पौडेल समेत | अम्वर वहादुर | माधव | डाडागाउ | ६ | ११० | 1651583 | 12-1-1-0 | 1-7-2-1 | पा.चा. | |
| ४० | AP 168/0 | भुवान सिं खडका | विर वहादुर | श्री मान | डाडागाउ | ६ | ११७ | 1651583 | 21-12-1-1 | 0-0-2-1 | पा.चा. | |
| ४१ | AP 169/0 | केशव खड्का | लक्ष्मी खड्का | लिलाभक्त | डाडागाउ | ६ | ८० | 1651583 | 7-6-2-1 | 1-6-1-2 | पा.सी. | श्रे.का. नभएको |
| ४२ | AP 169/0 | कृष्ण कुमारी खडका | रण वहादुर | श्री कृष्ण | डाडागाउ | ६ | ८१ | 1651583 | 5-5-3-0 | 0-2-1-0 | पा.सी. | |
| ४३ | AP169A/0 | पदम वहादुर कटवाल | मान वहादुर | सरे वहादुर | डाडागाउ | ८ | ४९२ | 1710023 | 5-2-2-0 | 0-3-3-2 | खे.सी. | |
| ४४ | AP169A/0 | इश्वर वहादुर | मान वहादुर | सर वहादुर | डाडागाउ | ८ | ४९३ | 1710023 | 5-2-1-0 | 1-3-1-3 | खे.सी. | |
| ४५ | AP 170/0 | भवनाथ सीगदेल | मुक्तीनाथ | रामनाथ | डाडागाउ | ८ | ३३० | 1710023 | 3-8-0-0 | 0-5-3-1 | पा.चा. | श्रे.का. नभएको |
| ४६ | AP 170/0 | डम्बर कुमारी सीगदेल | भवनाथ | मुक्तीनाथ | डाडागाउ | ८ | ३३२ | 1710023 | 1-9-2-2 | 0-1-2-1 | खे.सी. | श्रे.का. नभएको |
| ४७ | AP 170/0 | यदुनन्द सीगदेल | भवनाथ | मुक्तीनाथ | डाडागाउ | ८ | ३३४ | 1710023 | 1-11-2-0 | 0-14-2-2 | खे.सी. | |
| ४८ | AP 170/0 | निर लाल सीगदेल | समेत | संगोली | डाडागाउ | ८ | ३३३ | 1710023 | 0-11-1-1 | 0-3-0-3 | खे.सी. | श्रे.का. नभएको |
| ४९ | AP170A/0 | अमृत वहादुर रोक्का | लक्ष्मण | भुवन सीं | डाडागाउ | ८ | ५६ | 1710022 | 18-5-1-2 | 1-12-0-0 | ख.दो. | श्रे.का. नभएको |
| ५० | AP 171/0 | अम्वर वहादुर रोका | अज वहादुर | लक्ष्मण | डाडागाउ | ८ | २३३ | 1710022 | 0-12-2-1 | 0-3-1-1 | पा.दो. | श्रे.का. नभएको |
| ५१ | AP 171/0 | पर्शुराम रोका | विर्ख वहादुर | अजवहादुर | डाडागाउ | ८ | २३१ | 1710022 | 10-0-3-2 | 0-4-0-0 | पा.दो. | |
| ५२ | AP 171/0 | मान वहादुर रोका | समेत | संगोली | डाडागाउ | ८ | २३५ | 1710022 | 19-15-2-0 | 1-3-0-2 | पा.दो. | श्रे.का. नभएको |
| ५३ | AP 172/0 | लाल वहादुर रोका | लक्ष्मण | भुवन सीं | डाडागाउ | ८ | ३१७ | 1710022 | 9-10-3-0 | 0-2-2-3 | खे.सी. | |
| ५४ | AP 172/0 | पदम वहादुर कटवाल | मान वहादुर | सेर वहादुर | डाडागाउ | ८ | ३१९ | 1710022 | 1-4-1-3 | 1-4-1-3 | खे.सी | |
| ५५ | AP 172/0 | देव कुमार रोका | लाल वहादुर | लक्ष्मण | डाडागाउ | ८ | ३१८ | 1710022 | 2-12-0-0 | 0-3-1-0 | खे.सी. | |
| ५६ | AP 174/0 | श्याम कुमार राई | चतुर मान | विर वहादुर | छोरब्बु | ८ | ३०३ | 1710061 | 23-4-1-0 | 1-9-3-3 | पा.सी. | |
| ५७ | AP 176/0 | दल वहादुर खत्री | पदम वहादुर | पहलमान | बतासे | २ | ३८ | 1710101 | 5-9-2-2 | 0-0-3-3 | खे.चा. | श्रे.का. नभएको |
| ५८ | AP 177/0 | सीताराम श्रेष्ठ | पन्च वहादुर | मानध्वज | बतासे | २ | २६ | 1710101 | 2-14-2-1 | 1-2-1-1 | पा.चा. | |
| ५९ | AP177/0 | सीताराम श्रेष्ठ | पन्च वहादुर | मानध्वज | बतासे | २ | ३६८ | 1710101 | 4-2-2-1 | 0-2-2-3 | पा.दो. | |
| ६० | AP 179/0 | अनुराधा रेग्मी | माधब | जय प्रसाद | बतासे | २ | ८२ | 1710141 | 6-8-0-2 | 0-6-1-1 | पा.चा. | |
| ६१ | AP 179/0 | ज्ञानेन्द्र राइ | अम्वर वहादुर | हस्तविर | बतासे | २ | ७९ | 1710141 | 3-5-3-0 | 0-11-1-3 | पा.चा. | |
| ६२ | AP 180/0 | कृष्ण प्रसाद भण्डारी | लिलानाथ | रामनाथ | बतासे | १ | ३७० | 1710140 | 15-9-0-1 | 0-3-0-3 | पा.सी. | श्रे.का. नभएको |
| ६३ | AP 180/0 | नैन वहादुर भुजेल | सुमान | मान सीं | बतासे | १ | ३७१ | 1710140 | 6-3-2-1 | 0-10-0-1 | पा.सी. | |
| ६४ | AP 183/0 | ढक वहादुर राई समेत | संगोली | | बतासे | ४ | २७५ | 1710140 | 5-1-1-3 | 0-0-3-3 | पा.चा. | |
| ६५ | AP 183/0 | मोहन वहादुर राई | उदीम वहादुर | मैलाल | बतासे | ४ | २७६ | 1710140 | 4-3-2-2 | 0-11-1-3 | पा.चा. | श्रे.का. नभएको |
| ६६ | AP 183/0 | ढक वहादुर राई | चाम घर | रत्न मान | बतासे | ४ | २७९ | 1710140 | 7-3-2-2 | 1-0-3-2 | पा.चा. | |
| ६७ | AP183A/0 | धुर्व कुमार राई | उदीम वहादुर | भैलाल | बतासे | ४ | ५३९ | 1710139 | 3-0-1-1 | 0-0-1-3 | पा.सी. | |
| ६८ | AP183A/0 | गुम सेर राई | हैकम सीं | जीत वहादुर | बतासे | ४ | ५४१ | 1710139 | 7-10-1-1 | 0-3-1-0 | पा.सी. | श्रे.का. नभएको |
| ६९ | AP183A/0 | मोहन वहादुर राई | उदीम वहादुर | भैलाल | बतासे | ४ | ५४२ | 1710139 | 2-14-1-0 | 1-0-0-1 | पा.सी. | श्रे.का. नभएको |
| ७० | AP183A/0 | इन्द्र माया राई | | | बतासे | ४ | ५४३ | 1710139 | 2-2-3-3 | 0-3-1-1 | पा.सी. | श्रे.का. नभएको |
| ७१ | AP183A/0 | मोहन वहादुर राई | उदीम वहादुर | भैलाल | बतासे | ४ | ५४४ | 1710139 | 4-3-2-0 | 0-8-0-0 | पा.सी. | श्रे.का. नभएको |
| ७२ | AP 188/0 | राजेन्द्र राई | जस वहादुर | कुल ध्वज | बतासे | ४ | ८०२ | 1710178 | 11-11-3-0 | 0-12-0-3 | पा.सी. | |